24 July 2024

National News

मुख्य समाचार

- बजेटमा केही राज्यप्रति भेदभाव गरिएको आरोपको वित्तमन्त्री श्रीमती सीतारमणले गर्नुभयो खण्डन
- केन्द्रीय बजेटमाथि लोकसभा र राज्यसभामा शुरु भयो चर्चा
- सर्वोच्च न्यायालयले विचाराधीन मुद्दाहरू टुङ्गो लगाउन र सौहार्दपूर्ण समाधान खोज्न विशेष लोक अदालत आयोजना गर्ने
- नेपाल विमान दुर्घटनामा 18 जनाको मृत्यु
- भारत र पाकिस्तान महिला एसिया कप क्रिकेटको सेमिफाइनलमा

संसदको बजेट

केन्द्रिय वित्त मन्त्री श्रीमती निर्मला सीतारमणले आम बजेटमा केही राज्यप्रति भेदभाव गरिएको आरोपको खण्डन गर्नुभएको छ।

राज्यसभामा आज शून्यकालको समय उहाँले आरोप लगाउँदै भन्नुभयो, कंग्रेसको नेतृत्वमा विपक्षले लगातार विपक्षी दलहरूको सरकार रहेका राज्यहरूलाई बजेटमा केही पनि दिइएको छैन भन्ने पुष्टि गर्ने प्रयास गरिरहेका छन्।

उहाँले स्पष्ट गर्दै भन्नुभयो, कुनै पनि बजेटमा सबै राज्यको नाम लिन सकिँदैन। उहाँले भन्नुभयो, यदि कुनै विशेष राज्यको नाम बजेट भाषणमा लिइएको छैन भने यसको अर्थ ती राज्यले केन्द्र सरकारका योजनाहरूको लाभ प्राप्त गर्ने छैनन् भन्ने कदापि होइन। श्रीमती सीतारमनले भन्नुभयो, केन्द्रीय बजेटमा महाराष्ट्र अनि पश्चिम बंगालका लागि विभिन्न विकास कार्यक्रमको घोषणा गरिएका छन्।

आज बिहान सदनको कार्यवाही शुरू हुँदा विपक्षका नेता श्री मल्लिकार्जुन खडगेले यो मुद्दा उठाउँदै केन्द्रीय बजेट सरकारलाई बचाउने प्रयास थियो भनी आरोप लगाउनु भयो। उहाँले भन्नुभयो, विपक्षले यसको विरोध गर्नेछ। उहाँले भन्नुभयो, बजेट नै सन्तुलित छैन भने विकास कसरी हुनेछ। पछिबाट विपक्षी दलहरूले सदनबाट वाकआउट गरेका थिए।

यसभन्दा पहिला विपक्षी सांसदहरूको स्थगन नोटिसलाई अस्वीकार गर्दै सभापति श्री जगदीप धनखड़ले भन्नुभयो, राजनीतिक दलका नेताहरूले यस मुद्दामा विचार गर्नुपर्नेछ, किनभने यो सदनको प्रत्येक बैठकमा एउटा नियमित मामिला बन्दै जाँदैछ। उहाँले भन्नुभयो, असाधारण परिस्थितिहरूमा मात्र यस्ता नोटिस स्वीकार गरिन्छ। बितेको 36 वर्षमा केवल 6 पल्टमात्र स्थगन सूचनाहरू स्वीकार गरिएका छन्।

लोकसभामा पनि यही मुद्दामा विपक्षी सदस्यहरूले सदनबाट वाकआउट गरे।

आज बिहान सदनको बैठक शुरू हुनसाथ कंग्रेस, समाजवादी पार्टी, डीएमके अनि तृणमूल कंग्रेस तथा अन्य सदस्यहरूले आन्ध्रप्रदेश अनि बिहारका अतिरिक्त अन्य  राज्यहरूसित कथित रूपमा भेदभाव गरिएकोमा विरोध प्रदर्शन गरे। अध्यक्ष श्री ओम बिरलाले आपत्ति जनाउँदै भन्नुभयो, सदनको शून्यकालको अवधिलाई  योजनाबद्ध तरिकाले यसरी बाधित गर्नु सही होइन।
यसैबीच, इन्डिया गठबन्धनका सांसदहरूले केन्द्रिय बजेटमा विपक्षी शासित राज्यहरूलाई धन विनियोजनमा कथित भेदभावको विरोधमा आज संसदभवन बाहिर विरोध प्रदर्शन गरेका थिए।
लोकसभा बजेट चर्चा
संसदका दुवै सदनमा वर्ष २०२४-२५ को केन्द्रीय बजेटमाथि चर्चा सुरु भएको छ। दुवै सदनले २०२४-२५ का लागि केन्द्रशासित प्रदेश जम्मू कश्मीरको बजेटमाथि पनि छलफल गरिरहेका छन्। लोकसभामा छलफलको प्रारम्भ गर्दै कंग्रेसकी सुश्री कुमारी शैलजाले बेरोजगारीको मुद्दा उठाउँदै देशमा बेरोजगारी बढ्दै गएको बताउनु भयो। उहाँले केन्द्र सरकारका विभागहरूमा रिक्त पदहरू भर्न सरकारले किन पहल गर्दैन भन्दै प्रश्न पनि गर्नुभयो।
चर्चामा भारतीय जनता पार्टीका श्री विप्लवकुमार देब, समाजवादी पार्टीका श्री वीरेन्द्र सिंह, तृणमूल कंग्रेसका श्री अभिषेक बनर्जी,  DMK पार्टीका श्री दयानिधि मारनलगायत अन्य नेताहरूले सहभागिता जनाउनु भयो।
अर्कोतिर, राज्यसभामा कंग्रेसका श्री पी चिदम्बरमले बेरोजगारी र मँहगाईको मुद्दा उठाउनु भयो। चर्चामा भाग लिँदै भारतीय जनता पार्टीका श्री राधन मोहन दास अग्रवालले सरकारका उपलब्धिहरूमाथि प्रकाश पार्नुभयो। छलफलमा अन्य सांसदहरूले पनि सक्रियताका साथ भागलिइ रहनु भएको छ।

बिहार - पेपर लीक बिल

बिहारमा, राज्य विधानसभामा आज प्रश्नपत्र लीक हुने अनि सरकारी प्रतियोगी परीक्षाहरूमा हुने त्रुटी र अनियमितताहरूमाथि रोक लगाउन कडा विधेयक पारित गरेको छ।  बिहार सार्वजनिक परीक्षामा गलत तरिकाको  रोकथामसित सम्बन्धित विधेयक 2024 मा तीनदेखि दस वर्षसम्मको कारावास अनि गम्भीर मामिलामा एक करोड रूपियाँसम्म जरिमानाको प्रावधान राखिएको छ।

सर्वोच्च न्यायालय - लोक अदालत

सर्वोच्च न्यायालयले विचाराधीन मुद्दाहरू टुङ्गो लगाउन र सौहार्दपूर्ण समाधान खोज्न 29 जुलाईदेखि 3 अगस्त, २०२४ सम्म विशेष लोक अदालत आयोजना गर्ने भएको छ। यो पहल सर्वोच्च न्यायालय स्थापनाको ७५ औं वर्षमा कोसे ढुङ्गा बन्न गएको छ। मुख्य न्यायाधीश न्यायमूर्ति डी.वाई. चन्द्रचुडले सर्वोच्चमा मुद्दा विचाराधीन रहेका नागरिकलाई यस पहलको लाभ उठाउन  अपील गर्नुभएको छ।

राज्यसभा - नीट यूजी

मेडिकल परीक्षामाथिको विवादका बीच आज सरकारले स्पष्ट गर्दै भनेको छ, राष्ट्रीय पात्रता प्रवेश परीक्षा- नीटलाई बन्द गर्ने अनि राज्य-स्तरमा प्रवेश परीक्षाहरूलाई बहाल गर्ने कुनै प्रस्ताव छैन। शिक्षा राज्यमन्त्री डा. सुकान्त मजूमदारले आज राज्यसभामा एउटा लिखित उत्तरमा यस्तो आसयको जानकारी दिनुभयो। विश्वविद्यालय अनुदान आयोग - यूजीसीको राष्ट्रीय पात्रता परीक्षाका विषयमा उहाँले भन्नुभयो, यस वर्ष जूनमा हुने परीक्षा रद्द गरिएको थियो। श्री मजूमदारले भन्नुभयो, अब यो परीक्षा 21 अगस्तदेखि 4 सितम्बर, 2024 का बीचमा कम्प्यूटर आधारित हुनेछ।

लोकसभा - झुटा समाचार

सूचना तथा प्रसारण मन्त्री श्री अश्विनी वैष्णवले देशको लोकतन्त्रमा आँच पुऱ्याउने र समाजमा विखण्डन सिर्जना गर्ने सबै किसिमका गलत र भ्रामक सूचनाको प्रसारलाई रोक्न सरकार प्रतिवद्ध रहेको बताउनुभएको छ । उहाँले आज लोकसभामा लिखित उत्तरमा सो जानकारी दिनु भएको हो। उहाँले विभिन्न माध्यमबाट प्रशारण हुने झुटा समाचारलाई सम्बोधन गर्न सरकारसँग कानुनी र संस्थागत व्यवस्था रहेको बताउनु भयो ।

श्री वैष्णवले भन्नुभयो, सूचना तथा प्रसारण मन्त्रालयको पत्र सूचना कार्यालयले नोभेम्बर 2019 मा केन्द्र सरकारसँग सम्बन्धित गलत समाचारहरूको खण्डन गर्न सत्य तथ्य-जाँच गर्ने इकाई गठन गरेको थियो। उहाँले भन्नुभयो, २०२१ देखि २०२४ सम्ममा प्रेस काउन्सिल अफ इन्डियाले महाराष्ट्रसँग सम्बन्धित फेक न्यूजका पाँचवटा उजुरीहरू समाधान गरेको थियो।

सशस्त्र बल - अग्निवीर

सीमा सुरक्षा बल- बीएसएफ, केन्द्रीय औद्योगिक सुरक्षा बल- CISF र रेलवे सुरक्षा बल- RPF जस्ता केन्द्रीय सशस्त्र पुलिस बलहरूले आ-आफ्नो संगठनमा पूर्व अग्निवीरहरूलाई समावेश गर्ने तयारी गरेका छन्। बीएसएफका महानिर्देशक श्री नितिन अग्रवालले पूर्व अग्निवीरहरूले सीमा सुरक्षा बलमा भर्तीका लागि १० प्रतिशत आरक्षण र उमेरमा छुट पाउने बताउनु भएको छ।

CISF र RPF ले पनि आरक्षण, उमेरमा छुटसहित अन्य सुविधा दिने तयारी गरेका छन्।

<u>नेपाल विमान दुर्घटना</u>

नेपालमा आज काठमाडौंको त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट उड्ने क्रममा सौर्य एयरलाइन्सको विमान दुर्घटना भएको छ । दुर्घटनामा १८ जनाको मृत्यु भएको छ । 9N AME जहाज मरम्मति कार्यका लागि १९ जना कर्मचारी र प्राविधिक कर्मचारी बोकेर पोखरा जाँदै थियो । चालक दलका एक सदस्य पुलिस वरिष्ठ उपनिरीक्षक श्री डम्बरबहादुर बिकको उद्धार गरिएको छ । दुर्घटना लगत्तै गृहमन्त्री श्री रमेश लेखक विमानस्थल पुग्नुभएको थियो ।

<u>महिला क्रिकेट</u>

महिला एसिया कप क्रिकेटमा अहिले श्रीलंकाको दम्बुलामा आयोजक श्रीलंका र थाइल्याण्डको खेल शुरु भएको छ।

यसभन्दा अघि आज दिउँसो सम्पन्न खेलमा बंगलादेशले मलेसियालाई 114 रनले पराजित गऱ्यो।

प्रतियोगितामा हिजो राति  समूह ए को अन्तिम खेलमा नेपाललाई ८२ रनले पराजित गर्दै भारतले सेमिफाइनलमा प्रवेश गरेको छ।  समूह ए बाट भारत र पाकिस्तान सेमिफाइनलमा पुगेका छन् भने नेपाल र युएई बाहिरिएका छन् ।